प्रतिदिन १६औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३०६ ॥ २०८१ पुष १३ गते शनिबार (28th Dec 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# ट्रेड युनियन खारेज गर्ने प्रस्तावविरुद्ध खनिए कर्मचारी नेता

झापा(प्रस) । सांसदहरुले निजामती कर्मचारीका दलीय ट्रेड युनियन खारेज गर्नुपर्ने प्रस्ताव मात्र गरेका थिए , ट्रेड युनियनका कर्मचारी नेताहरू खनिएका छन् । निजामती सेवासम्बन्धी विधेयकको छलफलमा सांसदहरूले कर्मचारीका ट्रेड युनियनहरू खारेज गर्नुपर्ने, कर्मचारीले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने र कुनै पनि व्यक्तिलाई आरक्षण कोटा एकपटक मात्रै उपलब्ध गराउनुपर्ने लगायतका प्रस्ताव गरेका थिए ।

राजनीतिक दलका प्रमुख सचेतक र सचेतकहरूले दिएको त्यस्तो अभिव्यक्तिप्रति सत्ता र प्रतिपक्षी दल निकट ट्रेड युनियनका कर्मचारी नेताहरूले आपत्ति जनाएका हुन् । सरकारको नेतृत्व गरिरहेको एमाले, सत्तारुढ कांग्रेस, प्रमुख प्रतिपक्षी माओवादी केन्द्र र मधेस केन्द्रित राजनीतिक दलका भ्रातृ संगठनका रूपमा रहेका कर्मचारी ट्रेड युनियनका अध्यक्षहरूले शुक्रबार विज्ञप्ति जारी गरेर संसदीय समितिमा धारणा राख्ने दलका प्रमुख सचेतक र सचेतकहरूलाई चेतावनी दिएका हुन् । 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथिको छलफलका क्रममा कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे, एमालेका प्रमुख सचेतक महेश बर्तौला, एमाले सचेतक सुनिता बराल, रास्वपा सचेतक निशा डाँगी, राप्रपा सचेतक बिना लामालगायतले राजनीतिक दलका कर्मचारी ट्रेड युनियन राख्नै नहुने कानुनी व्यवस्था गर्नुपर्ने धारणा राखेका थिए । सरकारको तलब खाएर राजनीतिक दलका कार्यकर्ताले जसरी काम गर्ने ट्रेड युनियन खारेज गर्नुपर्ने सांसदहरूले भनाइ थियो । निजामती कर्मचारीमा राजपत्र अनंकित कर्मचारीहरू मात्र सदस्य बन्न पाउने एउटामात्रै ट्रेड युनियन राख्नुपर्ने राजनीतिक दलका प्रमुख सचेतक र सचेतकहरूको धारणा थियो । कर्मचारीतन्त्रका विज्ञहरूले पनि कुनै हालतमा राजनीतिक दलका ट्रेड युनियनलाई अब बन्न लागेको निजामती ऐनले स्थान दिन नहुने सुझाएका थिए ।

राजनीतिक दलका प्रमुख सेचतक र सचेतक तथा कर्मचारीतन्त्रका विज्ञहरूले प्रतिनिधिसभाअन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिमा निजामती विधेयकमाथि राखेका धारणाको सत्ता र प्रतिपक्षी दलनिकट कर्मचारी ट्रेड युनियनहरूले संयुक्त विज्ञप्तिमार्फत विरोध गरेका छन् । एमालेको भ्रातृ संगठन नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष लेखनाथ कोइराला, कांग्रेसको भ्रातृ संगठन नेपाल निजामती कर्मचारी युनियनका अध्यक्ष गोपालप्रसाद पोखरेल, माओवादी केन्द्रको भ्रातृ संगठन नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष अम्बादत्त भट्ट, एकीकृत समाजवादीको भ्रातृ संगठन एकीकृत सरकारी कर्मचारी संगठनका अध्यक्ष यामबहादुर खत्री र नेपाल मधेसी निजामती कर्मचारी मञ्चका अध्यक्ष भुवनेश्वर चौधरीले विज्ञप्ति जारी गरेर सांसदहरूलाई चेतावनी दिएका हुन् ।निजामती विधेयकमाथि राज्यव्यवस्था समितिमा जारी छलफलका क्रममा पार्टीका तर्फबाट राखेको धारणालाई ट्रेड युनियनका अध्यक्षहरूले 'अस्वाभाविक ढंगले संचारमाध्यमबाट नकारात्मक टिप्पणीतर्फ बढी उन्मुख' रहेको भनेका छन् ।

'हाल प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा रहेको संघीय निजामती सेवा ऐनको विधेयकका बारेमा माननीयज्यूहरूले अस्वाभाविक ढंगले संचारमाध्यमबाट नकारात्मक टिप्पणीतर्फ बढी उन्मुख गराइरहनु भएको छ । यसले ऐन छिटो जारी गर्ने भन्दा पनि अनावश्यक बखेडाको बहानामा अझै ढिलासुस्ती गर्ने र संघीय निजमती सेवा ऐन तत्काल जारी नगर्ने वातावरण तयार भैरहेको अवस्था छ,' ट्रेड युनियनका अध्यक्षहरूले चेतावनी दिँदै भनेका छन्, ' विगत केहि दिनदेखि राष्ट्रसेवकहरूलाई हतोत्साहित, उत्तेजित र मानमर्दन हुने प्रकारका अभिव्यक्तिहरू दल विशेषकै आधिकारिक धारणा हुन् भन्दै विभिन्न संचारमाध्यमहरूबाट सार्वजनिक भइरहेका छन् । यस प्रकारका दम्भ प्रदर्शन नगर्न चेतावनीसमेत दिन चाहन्छौं ।' निजामती विधेयक संसद्मा विचाराधीन रहेपनि सरकारी कर्मचारी ट्रेड युनियनका अध्यक्षहरूले भने निजामती सेवा ऐन तत्काल जारी गर्न सरकारलाई स्मरण गराएका छन् ।

राजनीतिक दलका नेताहरूले सरकारी कर्मचारीभित्र दलीय ट्रेड युनियनको व्यवस्था कानुनमा गर्न नहुने धारणा राखेपछि ती युनियनका अध्यक्षहरूले भने जनआन्दोलनमा कर्मचारीहरूले गरेको योगदान स्मरण गराएका छन् । 'व्यवस्था परिवर्तनको लागि भएका निर्णायक आन्दोलनहरूमा हामी ट्रेड युनियनहरूले सहभागिता जनाउँदै प्रथम जनआन्दोलन २०४६ र दोस्रो जनआन्दोलन २०६२/०६३ मा गरेको योगदान नबिर्सनका लागि समेत राजनीतिक दल र सरकारलाई स्मरण गराउँदछौं,' उनीहरूको विज्ञप्तिमा भनिएको छ ।

शाखा अधिकृत/आठौं तहसम्मका कर्मचारीले राजनीतिक दलका भ्रातृ संगठनका रूपमा रहेका ट्रेड युनियनमा संगठित हुन पाउनुपर्ने उनीहरूको माग छ । संघ र प्रदेश मात्र नभईकन स्थानीय तहसम्म दलगत कर्मचारी ट्रेड युनियन खोल्न पाउनुपर्ने पनि यी संगठनका अध्यक्षहरूको माग छ ।

'संघीय निजमती सेवा ऐन जारी गर्दा स्थानीय तह, प्रदेश र संघीय कर्मचारीहरूका साझा गुनासाहरू सम्बोधन गर्नसमेत आग्रह गर्दै श्रेणीगत प्रणाली खारेज गरी तहगत प्रणाली, वृत्तिविकास छिटो हुने व्यवस्था, सेवा सुविधामा पुनरावलोकन, संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध भएको शाखा अधिकृत/आठौं तहसम्मले उपभोग गर्न पाउने गरी राष्ट्रिय स्तरका ट्रेड यूनियन र आधिकारिक ट्रेड यूनियन अधिकार, अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीको सेवामा स्थायित्व, स्थानिय तह र प्रदेशका कर्मचारीहरूलाई अन्तरप्रदेश सरुवा लगायत राष्ट्रिय स्तरका ट्रेड युनियनहरूले सरकारलाई बुझाएका साझा सुझावहरू समावेश गरी संघीय निजामती सेवा ऐन यथाशीघ्र जारी गर्नु आजको आवश्यकता हो,' उनीहरूले विज्ञप्तिमा भनेका छन् ।निजामती प्रशासनलाई अपमानित गर्ने खालका भ्रम सिर्जना नगर्न पनि उनीहरूले चेतावनी दिएका छन् ।

नेपाल सरकार
निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन

# प्रधानमन्त्री ओलीद्वारा शोक व्यक्त



झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतका पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंहको निधन भएकोमा गहिरो शोक व्यक्त गरेका छन् । नेपाल र भारतको आपसी हितका विषयमा सिंहसँग भएका संवाद सम्झिरहेको उल्लेख गर्दै सामाजिक सञ्जाल फेसबुकमा नेतासिंहसँगको आफ्नो तस्बिर पनि प्रधानमन्त्री ओलीले सार्वजनिक गरेका छन् ।

"मित्रराष्ट्र भारतका पूर्वप्रधानमन्त्री, प्रतिष्ठित अर्थशास्त्री, मेरा मित्र डा. मनमोहन सिंहको ९२ वर्षको उमेरमा निधन भएको छ । नेपाल र भारतको आपसी हितका विषयमा उहाँसँग भएका संवादहरु सम्झिरहेको छु । दिवङ्गत मनमोहन सिंहप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु", फेसबुकमा प्रधानमन्त्री ओलीले लेखेका छन् ।

# मदिरासहित बोलेरो र बोलेरो चालक पक्राउ



झापा(प्रस)। भारतबाट भन्सार छली गरी ल्याएको मदिरालगायतका सामानसहित बोलेरो र बोलेरो चालकलाई इलाम प्रहरीले पक्राउ गरेको छ । बिहीवार बिहान ७:३० बजे इलाम नगरपालिका ६ खरेलडाँडामा जिल्ला प्रहरी कार्यालय इलामबाट खटिएको चेकिङ टोलीले नयाँबजारबाट इलाम बजारतर्फ आउँदै गरेको मे १ च ६३२ नम्बरको बोलेरो पिकअप गाडीलाई शंका लागेर चेकजाँच गर्ने क्रममा भारतबाट भन्सार छली गरि ल्याउँदै गरेको अन्दाजी ४ लाख ९९ अजार ३०० रुपैयाँबराबरको सामानसहित बोलेरो र बोलेरो चालकलाई पक्राउ गरेको हो । मदिरा र खाद्यान्नसहित पक्राउ पर्ने बोलेरो चालक इलाम माईजोगमाई ५ बस्ने ३६ वर्षीय मिनतेन्जी शेर्पा रहेका छन् ।

बरामद गरिएका सामानहरुमा सिक्किमे गोल्डेन एलन रम ४६ कार्टुन,ओल्ड मंक बियर १ काटुन,५० के.जी को दरले चिनी ८ बोरा, मेरी बिस्कुट ३ काटुन , हेप्पी बिस्कुट १ काटुन, ओरियो बिस्कुट ४ काटुन, सिटोज लेज २ काटुन र किंगफिसर मैदा २ काटुन रहेका छन् । बोलेरोसहित ती सामान र चालकलाई जिल्ला प्रहरी कार्यालय इलाम ल्याई पशुपतिनगर भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

# बसको ठक्करबाट साइकलयात्रीको मृत्यु

झापा(प्रस) । मोरङको उर्लावारीमा बसको ठक्करबाट एक साइकलयात्रीको मृत्यु भएको छ । शुक्रवार बिहान ६:१० बजे उर्लाबारी नगरपालिका ४ बक्राहा पुलस्थित पूर्वपश्चिम राजमार्गमा पथरीबाट उर्लाबारीतर्फ आउँदै गरेको प्रदेश १-०१-००१ख ४१३६ नं.को बसले सोही दिशातर्फ आउँदै गरेको साइकलयात्री स्थानीय ६६ वर्षीय निरबहादुर लिम्बूलाई ठक्कर दिएको थियो । घाइतेलाई उपचारको लागि मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर मंगलबारे पठाएकोमा डाक्टरले चेकजाँच गर्दा बिहान ७:१० बजे मत्यु भइसकेको थियो । शव सोही अस्पतालको शवगृहमा रहेको छ भने बस र बस चालक झापा हल्दिबारी ३ बस्ने ३० वर्षीय पदम गौतमलाई इलाका प्रहरी कार्यालय उर्लाबारीले नियन्त्रणमा लिएको छ ।

यसैबीच दिउँसो ३.१५ बजे उर्लाबारी ३ मंगलबारे बजारमा मृतकका आफन्तहरू भेला भई पूर्वपश्चिम राजमार्ग अवरोध गरेका थिए । पछि छलफल गर्ने गरी सम्झाई बुझाई सडक खुलाइएको प्रहरीले जनाएको छ ।




त्यस्तै पाँचथरमा धुन राखेको गाडी एक्कासि बगेर पार्किङ गरी राखेको अर्को गाडीमा ठोक्किएको छ । शुक्रवार दिउँसो ४ बजे पाँचथर फिदिम -२ सिद्धदेवी ग्यारेजमा धुन राखेको को २ च ८८१७ नम्बरको बोलेरो पिकअपले आफै बगेर नयाँ बसपार्कबाट तुम्देन चोक जाने बाटोमा पार्किङ गरेर राखेको को १च २८६ नम्बरको अर्को बोलेरो पिकअपलाई ठक्कर दिएको थियो ।

उक्त पिकअपको चालकतर्फ क्याबिन र ढोकामा सामान्य क्षति भएको छ भने को २च ८८१७ नम्बरको पिकअपको डालामा सामान्य क्षति पुगेको छ । त्यस्तै ग्यारेजका कामदार फिदिम २ बस्ने २५ वर्षीय मिलन दर्जी सामान्य घाइते भएका छन् । उनलाई उपचारको लागि जिल्ला अस्पताल पाँचथर लगिएको छ । को २ च ८८१७ नम्बरको बोलेरोले को १च २८६ नम्बरको बोलेरो पिकअप बनाइदिने र कामदारलाई ग्यारेज साहुले उपचार गराइदिने सहमति भएको जनाइएको छ ।

# बुबाको सम्झनामा १ लाख ५० हजारको अक्षय कोष

शिवसताक्षी(प्रस)। आफ्ना अभिभावकको स्वर्गवास भएको १५औं दिनको पुण्यतिथिको अवसर पारेर शिवसताक्षीका एक परिवारले अक्षय कोषको घोषणा गरेका छन्।

शिवसताक्षी नगरपालिका वडा नम्बर ८ का लम्जेल परिवारले आफ्नै वडाको एक सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि १ लाख ५० हजारको अक्षय कोष स्थापना गर्ने घोषणा गरेका छन् । शुक्रबार अरुणोदय आधारभूत विद्यालयको हातामै पुगेर लम्जेल परिवारका सदस्यले दिवंगत बुबाको सम्झनामा १ लाख ५० हजारको अक्षय कोष स्थापना गर्ने घोषणा गरेका हुन् ।

स्थानीय वडा नं ८ बुद्धचोकका चन्द्रबहादुर लम्जेलको दुई साताअघि उच्च रक्तचापका कारण निधन भएको थियो। बुबाको सम्झनामा पन्ध्रौं दिनको पुण्यतिथिको अवसर पारेर विद्यालयको सर्वाङ्गिण विकासका लागि अक्षय कोष स्थापना गर्न लागिएको छोरा खगेन्द्र लम्जेलले बताए । कोषको घोषणा गर्दै छोरा खगेन्द्रले भने, 'हामी विद्यालयको शैक्षिक र सामुदायिक गतिविधिहरूलाई अझ सुदृढ र दीर्घकालीन बनाउनको लागि अक्षय कोषको स्थापना गर्दैछौं। यो कोष विद्यालयका विद्यार्थीहरूको शैक्षिक सामग्री, भवन विकास र अन्य आवश्यक खर्चहरूको लागि प्रयोग हुनेछ ।'

'विद्यालय स्थापनाका बखत हाम्रा बुबाले यस विद्यालयमा पुर्याएको योगदानको हामीले स्मरण गरिरहेका छौं,' छोरा खगेन्द्रले भने, 'म आफू पनि यो विद्यालयको कुनै बेला व्यवस्थापन समितिमा थिएँ । त्यसैले पनि म आफू दोस्रो विद्यालयको प्रधानाध्यापक रहँदा रहँदै अरुणोदय आधारभूत विद्यालयमा अक्षय कोष स्थापना गर्न लागेका हौं।'

'हाम्रो बुबा सहकारी सदस्य हुनुहुन्थ्यो। हामीलाई समवेदना प्रकट गर्न आएका सहकारीलगायत विभिन्न सामाजिक संघ संस्थाहरुले प्रदान गरेको करिब १ लाख ५० हजारले अक्षय कोष स्थापना गर्न लागेका हौं,' खगेन्द्रले भने ।

❖ बाँकी तेस्रो पृष्ठमा

# निरजले ल्याए "नजाउ मलाई एक्लै छाडी "




झापा(प्रस) । २० औं वर्षदेखि सञ्चार क्षेत्रमा आबद्ध भएर गीत संगीतलाई अविरल यात्राको रुपमा अगाडी बढाउँदै आएका युवा गायक तथा संगीतकार निरज पोखरेल नयाँ पूर्वेली मारुनी भाका लिएर आएका छन ।

मारवाडी साहित्यमा गीत तथा कविता लेखेर आफ्नो साहित्य क्षेत्रलाई फराकिलो बनाउँदै आएका कवि , गीतकार सत्यनारायण तायालको शब्दमा 'नजाउ मलाई एक्लै छोडी....' बोलको मारुनी भाका गीतमा स्वयम् गायक निरजले संगीत दिएका छन् । निरजको साथमा चर्चित गायिका मेलिना राईले पनि स्वर दिएकी छन् । काठमाडौंस्थित ए लेवल स्टुडियोमा रेकर्डिङ भएको गीतलाई झापाली संगीकार विकास चौधरीले एरेन्ज गरेका छन् ।

२०६० सालमा विकास चौधरीको संगीत, गिरिराज निरौलाको शब्दमा पहिलो पटक "माथि है पर्यो फुङलिङ बजार .." भन्ने पूर्वेली लोक भाका जुनु रिजालसँग युगल गीत गाएका निरजले पुनः २०७२ सालमा आफ्नै शब्द सङ्गीत, स्वरमा " मेरो हजुरले मलाई. ."बोलको गीत रेकर्डिङ गराई स्रोता र दर्शकमाझ ल्याइसकेका छन् ।

२०६० सालबाट पूर्वको पहिलो कन्चनजङ्गा एफएमबाट प्राविधिकको रुपमा संचार क्षेत्रमा प्रवेश गरेका उनले करिव ४० भन्दा बढी गीतमा संगीत दिएका छन् भने हाल विभिन्न विद्यालयमा पियानो र नाटकको प्रशिक्षकको रूपमा कार्यरत छन् । क्षितिज नाट्य प्रतिष्ठानमा संगीत विभाग प्रमुख, डाइनामिक मिडिया ग्रुप नेपालका कोषाध्यक्ष,भद्रपुर नगरपालिकाअन्तर्गत भद्रपुर साहित्य संगीत कला प्रतिष्ठानका सदस्य , बहुभाषिक साहित्य संगीत कला केन्द्रका सदस्य निरज जेनियस मिडियाका प्रबन्धक हुन् ।

# चार संगठनले गरे संयुक्त पहिचानवादी मोर्चा गठन

झापा(प्रस)। पूर्वमा पहिचानवादी मुद्दा उठाइरहेका चार वटा संगठनहरुले सक्षम राष्ट्रिय राजनीतिक शक्ति निर्माण गर्नको लागि संयुक्त पहिचानवादी मोर्चा गठन गरेका छन् ।
प्रा.डा. महेन्द्र लावतीले नेतृत्व गरेको संघीय संयोजक पहिचानवादी मोर्चा, केपी पालुङ्वाले नेतृत्व गरेको नेपाल जनमुक्ति पार्टी, उकेन्द्रसिंह थेगिमले नेतृत्व गरेको प्रदेश नं.१ पुनः नामांकन अभियान समिति र ज्ञानबहादुर गुरुङले नेतृत्व गरेको नागरिक उन्मुक्ति पार्टी, प्रदेश नं.१ समितिले मोर्चा गठन गरेका हुन् ।




एकल जातीय राज्य, भ्रष्टाचार, असमानता, सबैखाले विभेद र अन्यायविरुद्ध लड्दै देश जिम्मा लिन सक्षम राष्ट्रिय राजनीतिक शक्ति निर्माण गर्नको लागि संयुक्त पहिचानवादी मोर्चा गठन गरेको युवा नेता एलवी पालुङ्वाले जानकारी दिए ।सुनसरीको धरानमा बसेको बैंठकपछि एक बिज्ञप्ति जारी गर्दै मोर्चा गठन भएको घोषणा गरिएको नेता पालुङ्वाले बताए ।
सांस्कृतिक विविधताले भरिपूर्ण समाजमा बहुसांस्कृतिक, बहुराष्ट्रिय र बहुल राष्ट्रिय राज्य स्थापना गर्न, पहिचानमा आधारित न्यूनतम १० प्लस सक्कली संघीयता सुनिश्चित गर्न, भ्रष्टाचार नियन्त्रण तथा सुशासन स्थापना गर्न, देशमा समृद्धिको लहर ल्याउन र सर्वसाधारण नेपालीहरुको कल्याण गर्न एउटा इमानदार, जनमुखी राष्ट्रिय राजनीतिक शक्तिको आवश्यकता नागरिकहरुले महसुस गरेको र त्यही आवश्यकता पूरा गर्नको लागि छरिएर रहेका पहिचानवादी संगठन र अभियन्ताहरुलाई एक ठाउँमा ल्याउँदै पाँच महिनाभित्र देश जिम्मा लिन सक्षम राजनीतिक शक्ति निर्माण शुरुवात गर्नको लागि पुष ११ गते धरानमा बसेको जनमुक्ति पार्टी, नागरिक उन्मुक्ति पार्टी, प्रदेश नं.१ पुनः नामांकन अभियान समिति, पहिचानवादी मोर्चाको बैठकबाट संयुक्त पहिचानवादी मोर्चा गठन गर्ने निर्णय भएको जनाइएको छ । हाल चार संगठनबीच मोर्चा निर्माण भएको र अन्य संगठनहरुलाई पनि समावेश गर्दै लगिने निर्णय भएको पालुङ्वाले बताए ।

# कोशी प्रदेशमा सवारी दुर्घटना पाँच महिनामा १९१ को मृत्यु, ३२७ जना गम्भीर घाइते



झापा(प्रस) । कोशी प्रदेशमा पाँच महिनामा दुई हजार ९२ मोटरसाइकल दुर्घटना भएका छन् ।
चालु आर्थिक वर्षको साउनदेखि मंसिर मसान्तसम्ममा प्रदेशभर तीन हजार चार सय ९८ वटा सवारी दुर्घटना भएको इटहरीस्थित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले जनाएको छ ।
उक्त अवधिमा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएको र त्यसपछि क्रमशः टेम्पो, जिप र कार दुर्घटना भएको उक्त कार्यालयका सूचना अधिकारी रामेश्वर ट्वाटीले बताए ।
"पूर्वपश्चिम राजमार्गमा एसियन हाइवेको स्तरोन्नति कार्य भइरहेको अवस्थामा जेब्रा क्रसिङ र सवारी सङ्केतको अभावमा बढी मोटरसाइकल दुर्घटना भएको देखिन्छ", उनले दुर्घटनाको कारण बताउँदै भने, "तीव्र गतिमा लापर्वाहीपूर्वक मोटरसाइकल चलाउँदा मानवीय क्षति धेरै भएको छ ।"
सवारी दुर्घटनामा परी सो अवधिमा एक सय ९१ जनाको मृत्यु भएको छ भने तीन सय २७ जना गम्भीर घाइते भएका छन् ।

**अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## ७ दिने सूचना

सधियार पूर्व : श्री रुद्र भट्टराई, पश्चिमः श्री महानन्द अधिकारी उत्तरः बाटो दक्षिण : श्री दुर्गा भण्डारीको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ५ बस्ने श्री धान्य प्रसाद रेग्मीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जीमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-५ | - | ८५७६ ८५७१ | ०-०-१४ | १९२३ | २०८१/०९/१० | २०८१/०९/०८ |


# राष्ट्रपति रनिङ शिल्डमा महेन्द्र रत्न मावि प्रथम



बिर्तामोड(प्रस)। बिर्तामोडमा आयोजित स्थानीय तह स्तरीय अन्तर विद्यालय १५ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा महेन्द्र रत्न मावि प्रथम भएको छ ।'स्वास्थ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद' भन्ने मुख्य नाराका साथ पुष ९ गतेदेखि आयोजित प्रतियोगितामा बिर्तामोड ३ को महेन्द्र रत्न मावि प्रथम भएको हो । यस्तै निदि मावि बिर्तामोड २ द्वितीय र महेन्द्रज्योति मावि बिर्तामोड १० तृतीय भएका छन् । प्रतियोगितामा प्रथम महेन्द्र रत्नले ११ स्वर्ण, ९ रजत र ३ कास्य पदक प्राप्त गरेको छ । यस्तै द्वितीय भएको निदि माविले १० स्वर्ण, ४ रजत र ३ कास्य प्राप्त गरेको छ । यस्तै तृतीय भएको महेन्द्र ज्योतिले १० स्वर्ण र ३ रजत प्राप्त गरेको छ । प्रथम,द्वितीय र तृतीयले क्रमशः २० हजार, १५ हजार र १० हजार रुपैयाँ नगद , शिल्ड र प्रमाणपत्र प्राप्त गरेका छन् । छात्रतर्फको भलिबल खेलमा निदि स्कुल प्रथम, देवी मावि दोस्रो र न्यूटन्स तेस्रो भएका छन् । त्यस्तै छात्रातर्फको भलिवलमा निदि मावि प्रथम, बाल्मीकि विद्यालय द्वितीय र टावर टेम्पल तृतीय भएका छन् । कराँते विद्यामा २ स्वर्ण, ४ रजतसहित महेन्द्र रत्न प्रथम, १ स्वर्ण, २ रजतसहित कनकाई द्वितीय र १ स्वर्ण, ४ कास्यसहित कञ्चनजंघा स्कुल तृतीय भएका छन् । यस्तै तेक्वान्दोतर्फ ३ स्वर्ण, २ रजत र ५ कास्यसहित देवी मावि प्रथम, २ स्वर्ण, १ रजत ३ कास्यसहित टावर टेम्पल दोस्रो र २ स्वर्ण, १ रजत, १ कास्यसहित न्यूटन्स एजुकेशन तेस्रो भएका छन् । यस्तै उसुतर्फ ६ स्वर्णसहित निदि प्रथम ,२ स्वर्णसहित ग्लोरी दोस्रो र २ स्वर्ण, १ रजतसहित कञ्चनजंघा तृतीय भएका छन् । यस्तै एथलेटिक्सतर्फ महेन्द्र ज्योति मावि १० स्वर्णसहित प्रथम, महेन्द्र रत्न मा.वि. ७ स्वर्णसहित द्वितीय र देवी मा.वि. ३ स्वर्णसहित तृतीय भएका छन् । कवड्डी छात्रतर्फ महेन्द्र मावि प्रथम, कञ्चनजंघा द्वितीय र सरस्वती तृतीय भएका छन् । कवड्डी छात्रातर्फ दुर्गा मावि प्रथम, कञ्चनजंघा द्वितीय र देवी मावि तृतीय भएका छन् ।
विजयी विद्यालय र विद्यार्थीहरुलाई नगरपालिकाको सभाहलमा आयोजित एक कार्यक्रमका विच नगर प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, प्रमुख प्रशासकीय अधिकृत मिलन भट्टराई, वडा नम्बर ३ का वडाध्यक्ष मदन बुढाथोकी र शिक्षा शाखा प्रमुख तिलचन भण्डारीले शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरेका थिए ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार दक्षिणःश्री जगत बहादुर लामाको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री पुष्पा फागुले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जीमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०१ ६००१ | ११९ | १६९.३० | २०८१/०७ /२६ | २०८१/०८/०५ | २०८१/०८/२४ |





# अरनिको प्राथमिक विद्यालयका विद्यार्थीलाई ब्याग वितरण



झापा(प्रस) । झापाको कमल गाउँपालिका वडा नं ७ मा रहेको अरनिको प्राथमिक विद्यालयका विपन्न विद्यार्थीहरुलाई स्कूल ब्याग वितरण गरिएको छ ।
झापाको बिर्तामाड ४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले बिहीवार विद्यालयमा पुगेर स्कूल ब्याग वितरण गरेको हो । आर्थिक अवस्था कमजोर भएका सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकालाई सिम्रिक सहकारीले सहयोग गरेको भन्दै कार्यक्रमका प्रमुख अतिथि कमल गाउँपालिका वडा नं ७ का वडा अध्यक्ष पृथ्वीपति राईले खुशी ब्यक्त गरे । विद्यार्थीहरूको पठनपाठनलाई थप सहज बनाउन सामाजिक उत्तरदायित्व बहन गर्दै १ सय थान स्कूल ब्याग वितरण गरिएको संस्थाका कार्यकारी प्रमुख कमल बस्नेतले जानकारी दिए ।
संस्थाको सामुदायिक उत्तरदायित्वको बार्षिक कार्यक्रमअन्तर्गत विद्यार्थीलाई सहयोग गरिएको कार्यकारी प्रमुख बस्नेतको भनाई छ ।
कार्यक्रममा संस्थाका अध्यक्ष सुवास भट्टराईले सामाजिक उत्तरदायित्व बहन गर्दै संस्थाको आफ्नो कार्यक्षेत्रभित्र रहेका सामुदायिक विद्यालयका विपन्न १० हजारभन्दा बढी विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गर्ने लक्ष्य रहेको बताउँदै यस्ता कार्यलाई सदैब अगाडि बढाइने बताए ।
कार्यक्रममा विद्यालयका प्रधानाध्यापक मिनादेवी लावतीले सिम्रिक सहकारी संस्थाप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता सहयोगको अपेक्षा राखिन् ।
उनले सिम्रिकले गरेको सहयोगले विद्यार्थीहरूको पठनपाठनमा सहज हुने विश्वास व्यक्त गरिन् ।
२०२४ सालमा स्थापना भएको अरनिको विद्यालयमा अधिकांश मजदुरी गरी जिविका चलाउने विपन्न परिवारका बालबालिका अध्ययनरत छन् ।
झापासहित ४ वटा जिल्लामा कार्यक्षेत्र रहेको सिम्रिक साकोसले लामो समयदेखि समाज र समुदायको हितमा बिभिन्न कार्यक्रम गर्दै आएको छ ।
निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल प्याब्सन दमक नगर समितिका अध्यक्ष तथा सिम्रिक साकोसका सदस्य नबीन योगीले संचालन गरेको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टंकप्रसाद काफ्ले, पूर्व विद्यार्थी अनु ताजपुरिया, अभिभावकलगायतको उपस्थिति रहेको थियो ।

## बिमा लेख हरायो

मेचीनगर नगरपालिका निवासी प्रकाश तामाङको नाममा रहेको एल.आई.सि. इन्सुरेन्स कम्पनीको २००००२४२८४ नम्बरको पोलिसी पेपर मेचीनगरबाट चन्द्रगढी जाने क्रममा २०८१/०७/०५ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : प्रकाश तामाङ**
**ठेगाना: मेचीनगर-११, झापा**

## बिमा लेख हरायो

मेचीनगर नगरपालिका निवासी देवीमाया राना मगरको नाममा रहेको एल.आई.सि.इन्सुरेन्स कम्पनीको २०००१९०७८ नम्बरको पोलिसी पेपर मेचीनगरबाट चन्द्रगढी जाने क्रममा २०८१/०७/०५ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु होला ।

**सम्पर्क : देवीमाया राना मगर**
**ठेगाना: मेचीनगर-१२, झापा**

## कृषि उत्पादन बढाओं

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगमा जोड दिऔं,
- कृषि तथा पशुपन्छीपालन सम्बन्धी तालिम लिऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीहरूमा समस्या देखिएमा स्थानीय तहका कृषि प्राविधिकहरूसंग सल्लाह सुझाव लिऔं,
- कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# अपराध न्यूनीकरणमा स्थानीयको भूमिका

**समाज शब्दले राष्ट्रको भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने सम्पूर्ण बासिन्दालाई जनाउँछ । समाजमा राज्यको विविध पक्ष सम्बद्ध दायित्व हुन्छ । राज्य सञ्चालनको आधारशिला समाज नै हुने भएकाले राज्यले समाजप्रति सधैं सम्मानित व्यवहार अपनाउनुपर्छ । यसको विपरीत नागरिकहरूले पनि राष्ट्रप्रति पूरा गर्नुपर्ने दायित्वबाट विमुख बन्नुहुँदैन । नागरिक र समाज एकअर्काका पूरक हुन् । हरेक नागरिकहरूका आ–आफ्नै इच्छा र आकांक्षा हुन्छन् । नागरिकहरूका आधारभूत इच्छा र आकांक्षा परिपूर्तिका निम्ति सबैको लागि उत्तिकै आवश्यकताको विषय शान्ति सुरक्षा नै हो । शान्ति सुरक्षा अनुभूतिजन्य भएमा मात्र नागरिक एवं समाजका गतिविधि सुचारु रूपले सञ्चालन हुन सक्छन् भन्ने कुरा सर्वविदितै छ । यसर्थ, अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम गराउन राज्यकै जस्तो नागरिक समाजको भूमिका र दायित्व पनि समान हुन्छ ।**

**पछिल्लो समयमा नागरिक आफू भूमिका विहीन बन्ने तर आफूमा निहित सामान्य दायित्व पनि राज्य संयन्त्रलाई सुम्पने क्रम क्रमशः बढ्दै आएको छ । नागरिकहरूको यस्तो मानसिकता र व्यवहारले शान्ति सुरक्षा चुनौतीपूर्ण बन्न पुग्छ । दायित्व पन्छाउने प्रवृत्ति आफ्नै लागि घातक हुन्छ भन्ने कुराप्रति समाज सधैं सचेत रहनुपर्छ । शान्ति सुरक्षाप्रति आइलाग्ने कतिपय चुनौती पूर्व अनुमान गर्न सकिने भए पनि कुनबेला कस्तो चुनौती आइलाग्छ भन्ने कुरा यकिन गर्न सकिँदैन । खतरा ननिम्तिएसम्म शान्ति सुरक्षाको अवस्था सामान्य ठानिने भए पनि चुनौती आइलागे शतप्रतिशतै असुरक्षाको मात्रा बढेको ठानिने भएकोले नै सुरक्षाकार्य सधैं चुनौतीपूर्ण हुन्छ, भनिएको हो । यसैले चुनौती सामना गरी सुरक्षा व्यवस्था प्रभावकारी बनाउन नागरिक स्वयं पनि सचेत बन्नुपर्छ । सुरक्षा चुनौती निम्त्याउने अपराधिक घटना समाजभित्रै घट्ने तथा अपराधी पनि समाजमै रहने कुरा सर्वविदितै छ ।**

**भर्खरै सीमा अपराध नियन्त्रण गर्न झापाका स्थानीय सरकार र सशस्त्र प्रहरी बल, नेपालबिच सहकार्य गर्ने सहमति भएको छ । “सीमावासीसँग सशस्त्र प्रहरी” कार्यक्रमअन्तर्गत सीमासंग जोडिएका २३ वटा वडाका वडा अध्यक्ष तथा प्रतिनिधिहरुसंगको अन्तरक्रिया कार्यक्रममा सीमा सुरक्षा गरी सीमा अपराध नियन्त्रण गर्न स्थानीय सरकार र सशस्त्र प्रहरी बल, नेपालबिच समन्वय तथा सहकार्य गर्ने सहमति भएको हो । सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हेक्वा झापामा सशस्त्र प्रहरी बल, नेपाल नं.२ गण हे. क्वा. झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राईको प्रमुख आतिथ्यमा भएको अन्तरक्रिया कार्यक्रममा सीमामा प्रत्यक्ष सरोकार राख्ने स्थानीयवासीहरुसँगको सुमधुर सम्पर्क, समन्वय र सहकार्यले सीमा सुरक्षाको जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पादन गरी संगठनले सीमा सुरक्षाको सवालमा राखेको लक्ष्यलाई पूरा गर्न सहज भएको निष्कर्ष निकालिएको छ । यो सकारात्मक कुरा हो । यो सम्बन्ध सँधै कायम राखिनु पर्छ ।**

Pratidin National Daily
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कृषि अनुदानको व्यवस्थापन



• डा. हरिबहादुर केसी

अनुदान प्रवाहले खाद्य सुरक्षामा र कृषि क्षेत्रको व्यावसायीकरण र आधुनिकीकरणमा खासै योगदान नगरेको भन्दै आलोचना हुने गरे पनि तथ्यपरक अध्ययन पाइँदैन । कृषि क्षेत्रमा अनुदानको व्यवस्था नभएको भए अहिलेकै अवस्थाको कृषि क्षेत्र नरहन सक्थ्यो । खाद्य तथा पोषण सुरक्षामा अनुदानको प्रत्यक्ष प्रभाव पर्ने नै भयो । त्यति मात्र यसले नभई औद्योगिक उत्पादन, रोजगारी सिर्जना र सेवा क्षेत्रलाई समेत टेवा पुऱ्याएको पाइन्छ । दीर्घकालीन कृषि योजनामा उल्लेख भए अनुसार कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न रासायनिक मलको भूमिका झन्डै ४० प्रतिशत हुन्छ । कृषिको विभिन्न क्षेत्रमा नेपाल सरकारले गरेको अनुदान खर्च र बाली उत्पादन र उत्पादकत्व बिच अन्तरसम्बन्ध हेर्दा धान, गहुँ र मकैको कुल उत्पादन र उत्पादकत्व र रासायनिक मलमा उपलब्ध गराइएको अनुदानबिच सकारात्मक सम्बन्ध छ । विगत २५ वर्षमा धान, गहुँ र मकैको उत्पादकत्व झन्डै दोब्बर भएको छ । कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा पनि अनुदानको सम्बन्ध सकारात्मक छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण गरेको अनुदान प्रवाहले निम्न वर्गीय कृषकको आर्थिक अवस्था सुधार, उन्नत बिउ तथा बिरुवाको प्रयोग अभिवृद्धि, साना सिँचाइको कारण कृषि उत्पादनमा वृद्धि, मुख्य बाली वस्तुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि, कृषि यान्त्रिकीकरण, बाली चक्रमा सुधार आदि परियोजनाका प्रभावी पक्ष देखिएको जानकारी परियोजनाको मध्यावधि समीक्षाले देखाएको छ । तराईका जिल्लाका कृषि क्षेत्रमा करिब ७५ प्रतिशत यान्त्रिकीकरण सम्भव भएको छ, यो पनि यान्त्रीकरणमा दिइएको अनुदानको प्रभाव हो । परियोजनाले यान्त्रिकीकरणमा गरेको अनुदान प्रवाहले बाली वस्तुको उत्पादन लागत ३५ प्रतिशतसम्म घटाउन योगदान गरेको तथ्याङ्क छ । एक अध्ययन अनुसार कृषि क्षेत्रको अनुसन्धान र विकासमा गरिएको खर्चको प्रतिफल प्रति ११ सम्म रहेको पाइन्छ, जुन अन्य क्षेत्रमा गरिएको लगानीको तुलनामा निकै उच्च हो । कृषि क्षेत्रमा गरेको लगानीको प्रभाव परिमाणात्मक मात्रै नभई गुणात्मक पनि रहन्छ । बाली तथा पशुपन्छी बिमा र सहुलियत कर्जाको प्रत्यक्ष प्रभाव पशुपन्छी र तरकारी तथा फलफूल क्षेत्रको व्यवसायीकरणमा परेको छ । पछिल्लो समयमा देखिएको यी क्षेत्रको बढोत्तरी कृषि गणना, २०७८ ले पनि स्पष्ट पारेको छ । भन्सार विभागको पछिल्ला वर्षका तथ्याङ्कले खाद्यान्न आयात घटेको देखिनु, जीवनस्तर सर्भेले उपभोगमा आएको फरकको विवरण र हालैका वर्षमा देखिएको पोषण स्थितिमा आएको सुधार हेर्ने हो भने यसमा कृषि क्षेत्रको उत्पादनको प्रभाव स्पष्ट देखिन्छ । यसले के देखाउँछ भने कृषिमा लगानी बढाउनै पर्छ, जसमा कृषि क्षेत्रको संरक्षणका साथै व्यावसायीकरणका लागि राज्यको सहयोग आवश्यक छ । मात्रै यो सहयोगको विधि र प्रक्रिया कसरी न्यायसङ्गत र उपलब्धिमूलक बनाउन सकिन्छ भन्ने नै हो ।

**अनुदान व्यवस्थाका गुनासा**

अनुदान वितरण र यससम्बन्धी सुशासनका सम्बन्धमा आएका गुनासा पनि कम्ती छैनन् । खासगरी रासायनिक मल, बिमा, कर्जा, बीउ जस्ता विषयका अनुदान उपभोग गर्ने सबैले नै स्वतः पाउने हुनाले प्रतिस्पर्धा गर्नुपर्ने भएन । यसमा पर्याप्त मात्रामा पहुँच हुनुपर्ने, सबैको सहज पहुँच हुनुपर्ने, पाउने प्रक्रिया सरल हुनुपर्ने जस्ता विषय प्रमुख रूपमा उठेका छन् । अनुदानका विषयका खास गुनासा भनेका प्रतिस्पर्धात्मक विधिबाट अनुदानग्राही छनोट गर्ने कार्यक्रमको हो । तीनै तहका संरचनाबाट सञ्चालन भएका अनुदान कार्यक्रममा हुने दोहरोपन, अनुदानग्राही छनोटमा पारदर्शिता, अनुदानमा उपलब्ध गराइएका वस्तुगत सामग्रीको गुणस्तर, अनुदानग्राहीको व्यवसायको निरन्तरता तथा वास्तविक कृषकको अनुदान कार्यक्रममा आबद्धता आदि विषयमा निकै पेचिलो र सोचनीय गुनासा सुनिन्छन् । संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन गर्नुपर्ने र गर्न सकिने अनुदानका कार्यक्रममा स्पष्ट विभाजन नहुँदा कतिपय अवस्थामा तीनै तहका सरकारले एकै प्रकृतिका अनुदानका क्रियाकलाप सञ्चालन भइरहेको समेत देखिन्छ । तीनै तहका सरकारले सञ्चालन गर्ने कृषि विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा समन्वय र एकरूपता नहुँदा सञ्चालन भएका कार्यक्रमबाट अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकिएका गुनासा पनि छन् । यस्ता अनुदानका कार्यक्रम प्रक्रियामुखी हुने, प्रतिस्पर्धात्मक छनोट प्रक्रिया अनावश्यक लामो, खर्चिलो र झन्झटिलो रहेको तथा अनुदानका कार्यक्रममा वास्तविक कृषक समुदायको ठुलो हिस्साले अपेक्षित लाभ लिन नसकेको र तीन तहको सरकारको समन्वय अभावका कारण कृषि अनुदानका कार्यक्रम अपेक्षाकृत प्रभावकारी हुन नसकिरहेका भन्ने विभिन्न सरोकारवालाको गुनासो रहने गरेको छ ।

**सुधारका उपाय**

कृषि क्षेत्रमा अनुदान सहयोग दिने व्यवस्था र व्यवस्थित बनाउने विषय राष्ट्रिय चासोको विषय हुनु पर्छ । विद्यमान रहेका अनुदानका व्यवस्थामा समेत पुनरावलोकन गरी राष्ट्रिय कृषि क्षेत्र संरक्षण तथा सहुलियत नीति तर्जुमा गरी लागु गर्नु आवश्यक छ । कृषिमा अनुदान कुन कुन क्षेत्र वा उपक्षेत्रमा दिने, कस्ता कृषकलाई कस्तो प्रकारको अनुदान दिने, अनुदानको दायरा कति हुने, संघ प्रदेश र पालिकाले कस्ता कस्ता अनुदानको कार्य गर्ने, अनुदानका मोडालिटी कस्तो हुने, अनुगमन र प्रतिफलमापन कसरी गर्ने, समन्वय र सहकार्यको सम्बन्ध कसरी कायम गर्ने जस्ता विषयको नीतिगत पहिचान गर्नु पर्छ । कृषकको वर्गीकरणको आधारमा सहुलियत/अनुदानको सिमा निर्धारण गर्ने, विपन्न सीमान्तकृत र महिला कृषकलाई थप सहुलियत/अनुदान व्यवस्था गर्न सकिन्छ । यसका लागि कृषक सूचीकरण यथासक्य छिटो सम्पन्न गरी कृषक वर्गीकरण गरी परिचयपत्र वितरण गर्ने काम सकिहाल्नुपर्ने छ । अनुदान प्रवाहको प्राथमिकता निर्धारण र प्रतिफल अनुगमन गर्न तिनै तहका सरकारमा एक एक कृषि सहुलियत निर्धारण तथा अनुगमन समिति गठन गरी समन्वयात्मक रूपमा कार्य गर्न सकिन्छ ।

अनुदान प्रवाहका लागि आवश्यक कानुनी व्यवस्था तयार गरी तीनै तहका सरकारबाट लागु गर्न आवश्यक छ । कृषि क्षेत्रमा अनुदान दिने कुरा सार्वजनिक खरिदको विषयभन्दा फरक भएको र यो सहयोगको विषय भएकाले अनुदान प्रवाह प्रक्रियालाई कानुनी रूपमा परिभाषित गर्ने गरी कृषि ऐन तयार गर्ने । यसमा कृषि अनुदानको दुरुपयोग वा अल्प उपयोग गर्ने कार्यलाई निरुत्साहित गर्न कानुनी कारबाहीको व्यवस्था गर्ने, संघ प्रदेश र स्थानीय तहमा कृषि सहुलियत/अनुदान प्रवाह मापदण्ड तयार गरी लागु गर्ने व्यवस्था गर्नुपर्ने छ । तत्कालका लागि संघीय मन्त्रालयले कृषि क्षेत्र सहयोग सहुलियत तथा अनुदानको खाका तथा मापदण्ड जारी गर्ने र प्रदेश र स्थानीय तहले त्यसलाई आधार मानेर अनुदान सहुलियत तथा सहयोग प्रवाहको निर्देशिका तयार गरी कार्यान्वयन गर्ने कार्य हुन वाञ्छनीय हुन्छ ।

सूचनाबाट प्रस्ताव माग गरी प्रतिस्पर्धामा आधारित अनुदान पद्धति सबैको पहुँचमा पनि पुऱ्याउन नसकिने र सामाजिक न्यायका हिसाबले समेत अनुपयुक्त भएकाले यसलाई पूर्ण रूपमा खारेज गरे हुन्छ । यो पद्धतिबाट अनुदान प्रवाह झन्झटिलो, धेरै समय लाग्ने र सुशासनका हिसाबले महँगो हुन्छ । अनुदान प्राप्त गर्ने थोरै संख्यामा हुने र धेरैले नपाउने भएपछि विवादित पनि हुने गर्छ । व्यवसाय विकासका लागि परियोजना धितोको आधारमा सुलभ ब्याजदरमा सहज रूपमा कर्जा प्रवाह गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ । कृषि कर्जाको प्रकृति अन्य कर्जा भन्दा फरक हुने भएकाले एउटा सरकारी बैङ्कलाई सेवामूलक निर्दिष्ट बैङ्कका रूपमा तोकी कर्जा प्रवाहमा सहजीकरण गर्न पाए सबै भन्दा राम्रो हुन्थ्यो । त्यसो हुन नसके सहुलियतपूर्ण कर्जा तथा ब्याज अनुदानमा सबैको पहुच हुने गरी साना र धितो नभएका कृषकका लागि सहकारीमार्फत प्रवाह भएको कृषि कर्जामा समेत ब्याज अनुदान व्यवस्था गर्न उपयुक्त देखिन्छ । कृषि सहकारी यस्ता कामका लागि उपयुक्त माध्यम हुन सक्ने भए पनि सहकारी क्षेत्रको विद्यमान अनुभवका आधारमा धेरै आशा गर्न गाह्रो छ ।

सबैको पहुँचमा पुग्न सक्ने गरी कृषि उत्पादन र उत्पादन उपरान्तका क्रियाकलापमा प्रयोग हुने विद्युत् महसुलमा सहुलियत, बाली तथा पशुपन्छी बिमामा सहज पहुँच, बीउबीजन, बिरुवा/बेर्ना, पशु नस्ल माछा भुरामा सहज पहुँच र मूल्यमा सहुलियत प्रवाह गर्दा उपयुक्त हुन्छ । अन्य मुलुकको सिकाइको आधारमा अनुदान सरकारले तोकेर दिने भन्दा पनि भौचर प्रणालीको माध्यमबाट कृषकले आफ्नो आवश्यकता अनुसारको प्राविधिक सेवा वा रासायनिक मलखादलगायतका निश्चित उत्पादन सामग्रीमा अनुदान लिने गरी कार्यान्वयन गर्ने विकल्पमा जान सकिन्छ । सरकारी निकायले सिँचाइ पूर्वाधार विकास, कृषि प्रविधि विकास र प्रसार, कृषि बजार प्रवर्धन, कृषि उत्पादनका यन्त्र उपकरणको आयात र प्रारम्भिक प्रशोधनका उपकरणमा भन्सार छुट, पूर्वाधार विकासमा सहुलियत/अनुदान केन्द्रित गर्दा उपयुक्त हुने देखिन्छ । अनुदान प्रवाहबाट प्राप्त हुने प्रतिफलको आधारमा कृषि अनुदानलाई वर्गीकरण गरी र बढी प्रतिफल प्राप्त हुने बाली, नश्ल, क्षेत्र र भूगोलमा अनुदान प्रवाह केन्द्रित गर्नु पर्छ । सहुलियत/अनुदान प्रवाहका लागि सरल कार्यविधि तयार गरी कृषकको खातामा नगद भुक्तान हुने गरी व्यवस्था गर्न पनि सकिन्छ ।

प्रतिफल गणना र मापन गर्न सकिने बाली वस्तुमा प्रतिफलका आधारमा सहुलियत/अनुदान प्रवाह गर्ने विकल्पमा जान सकिन्छ, केही यस्ता कार्य भएका पनि छन् । प्रतिफलमा आधारित अनुदानका बारेका धेरै चर्चा हुने गरे पनि यो व्यवस्थाको कार्यान्वयन त्यति सहज छैन । कृषकले प्राप्त गर्ने अधिकांश सहुलियत/अनुदान स्थानीय तहबाट प्राप्त हुने गरी व्यवस्था गर्न उपयुक्त हुन्छ ।

# वैदेशिक सहयोग परिचालनमा चासो



• केबी बस्नेत

दोस्रो विश्वयुद्धले धरासायी भएको पश्चिम युरोपको समग्र विकासका लागि धेरै पुँजीको आवश्यकता थियो । त्यसैले विश्व अर्थव्यवस्थामा वैदेशिक सहयोगको प्रचलन उक्त युद्धको समाप्तिपछि भएको हो । वास्तवमा युद्धले क्षतिग्रस्त बनाएका युरोपेली मुलुकको पुनरुत्थानका लागि संयुक्त राज्य अमेरिकाले मार्सल प्लान अन्तर्गत प्रवाह गरेको १२.५ मिलियन अमेरिकी डलरबाट विश्वमा वैदेशिक सहयोगको सुरु भएको हो ।

नेपाल जस्तो अति कम विकसित देशका लागि यहाँको राष्ट्रिय बजेट प्रायः आफ्ना विकास लक्ष्य हासिल गर्न आवश्यक रकमको कमी हुन्छ । वैदेशिक सहयोगले वित्तपोषण गरी यहाँको चौतर्फी विकासमा सघाउ पुऱ्याउँछ । वैदेशिक सहयोगबाट प्राप्त कार्यक्रमलाई संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय विकास परिपाटी अन्तर्गत आफ्नो दायित्व पूरा गर्ने माध्यमका रूपमा हेरिन्छ । त्यसैले उक्त सहयोगको महत्व कम छैन ।

वस्तुतः उक्त सहयोग प्राप्त हुन थालेपछि नेपालले विभिन्न दातासँग सहकार्य गरेर शिक्षा, स्वास्थ्य सेवा, गरिबी न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन जस्ता क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ । विभिन्न दातासँग आबद्ध हुनाले यो देशले विभिन्न दातृ राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग कूटनीतिक तथा व्यापारिक सम्बन्ध सुदृढ गरी आर्थिक तथा राजनीतिक सहयोगका लागि पनि केही अवसर प्राप्त गरेको छ । यसबाट द्विपक्षीय र बहुपक्षीय सम्बन्ध सुदृढ गर्न मद्दत भएको छ ।

राजनीतिक स्थायित्व, आर्थिक विकास र सामाजिक कल्याणका लागि नेपालले लामो समयदेखि विभिन्न समस्या सामना गर्दै आएको छ । यी समस्या न्यूनीकरणका लागि यहाँ वैदेशिक सहयोगबाट सञ्चालित कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । नेपालमा सर्वप्रथम सन् १९५१ जनवरी २३ मा अमेरिकी सरकारबाट दुई हजार डलर अमेरिकी सहयोग प्राप्त भएको थियो । तत्कालीन अमेरिकी राष्ट्रपति ह्यारी ट्रयुम्यानले घोषणा गरेको ‘प्वाइन्ट फोर प्रोग्राम’ अन्तर्गत यस्तो सहायता प्राप्त भएको हो ।

सन् १९६० देखि नेपाललाई चीन, जापान, भारत, बेलायत, अस्ट्रेलिया, स्विट्जरल्यान्डलगायत देशले शिक्षा, स्वास्थ्य, सञ्चार र उद्योगको विभिन्न क्षेत्रमा द्विपक्षीय सहायता जुट्न थाल्यो । उक्त समयमा धेरै जसो सहायता अनुदानको रूपमा प्राप्त भएको थियो । सन् १९६० मध्यतिर निर्माण गरिएका विकास आयोजना अनुदान सहायताबाट सम्पन्न भए । सन् १९६० पछि नेपालले विश्व बैङ्क, एसियाली विकास बैङ्क र संयुक्त राष्ट्रसंघजस्ता बहुपक्षीय दाताबाट वैदेशिक सहयोग प्राप्त गरिरहेको छ । सन् १९६५ देखि यहाँ बहुपक्षीय अनुदान प्राप्त हुन थालेको हो । वर्तमान समयमा नेपालमा द्विपक्षीय र बहुपक्षीय दुवै किसिमका सहायता प्राप्त भइरहेको छ । जुन ऋण तथा अनुदान दुवै रूपमा प्राप्त हुन्छ ।

नेपालमा विसं २००८ देखि औपचारिक रूपमा सुरु गरिएको वैदेशिक सहायताले हालसम्म पनि यहाँको राष्ट्रिय बजेटमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यति मात्र होइन, यसले नयाँ ज्ञान र प्रविधि भित्र्याउने तथा अन्तर्राष्ट्रिय, कूटनीतिक, सांस्कृतिक, व्यापारिक एवं राजनीतिक सम्बन्ध सुदृढ गर्ने काममा पनि सघाउ पुऱ्याएको छ । नेपालको समग्र विकासका आकांक्षालाई सहजताका साथ अगाडि बढाउन विपुल धनराशिको आवश्यकता पर्छ । आर्थिक, सामाजिक र उत्पादनशील क्षेत्रको सुदृढ गर्नु यहाँका समकालीन विकासका चुनौती हुन् । यहाँ विद्यमान न्यून स्रोतसाधन, साँघुरो बजार पहुँचको कारण यी चुनौतीको डटेर सामना गर्न कठिन छ । यस्तो अवस्थामा वैदेशिक सहयोगको भूमिका कम महत्वपूर्ण छैन ।

नेपालमा झन्डै सात दशकअघिदेखि राष्ट्रिय रूपमा वित्तीय स्रोतको परिचालन एवं विभिन्न स्रोतसाधनको न्यूनता पूर्ति गर्न वैदेशिक सहयोगले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यस्तो सहायता यहाँको आर्थिक विकासमा आशा गरे अनुरूप प्रभावकारी भएको छैन । नेपालमा विद्यमान स्रोतसाधनको न्यूनता र साँघुरो बजार पहुँचको कारण यहाँ विद्यमान समस्या सहजै समाधान गर्न सकिने अवस्था छैन । यस्तो अवस्थामा वैदेशिक सहयोगले यहाँको अर्थतन्त्र सबलीकरणका लागि केही योगदान पुऱ्याइरहेको छ । विभिन्न समस्याको कारणले उक्त सहयोगले यहाँको आर्थिक विकासमा ठोस प्रभाव पार्न सकेको छैन । वस्तुतः नेपाली अर्थतन्त्रमा वैदेशिक सहयोग परिचालनमा उपयुक्त उपाय अपनाउन नसक्नाले यस्तो भएको हो ।

कुनै पनि देशमा विकास साझेदारहरूले प्रतिबद्ध गरेको वैदेशिक सहयोग यथोचित समयमा प्राप्त गरी विकास परियोजना निर्माण गर्न गृहकार्य गर्न आवश्यक छ । हालसम्म पनि यहाँ यस्तो कार्य नगरिएकाले विकासले गति लिन सकेको छैन । कुनै पनि प्रस्तावित परियोजनाको सञ्चालनबारे सम्बन्धित दातासँग विभिन्न चरणमा छलफल भई सहमति भएपछि मात्र रकम भित्रिन थाल्छ । नेपालमा प्रथम चरणदेखि नै समस्या देखिन्छन् । राष्ट्रिय रूपले प्राथमिकतामा नपरेका स्थानीय आवश्यकताभन्दा फरक एवं वैदेशिक सहयोग नै नचाहिने क्षेत्रमा उक्त सहयोग स्वीकार गर्नु नेपाल सरकार र दाताबिच आवश्यक तालमेल एवं तादाम्यता नहुनु, प्रशासनलाई छिटोछरितो एवं समयानुकूल बनाउन नसक्नु जस्ता समस्याले उक्त सहायताको प्रभावकारितामा अवरोध पुऱ्याएका छन् ।

वैदेशिक सहायताबाट सञ्चालित आयोजनामा नेपाल सरकारको अपनत्व नरहनु, आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि दातृ पक्षले राखेका सर्त अनुसार कोटेसन आह्वान गर्नु, केन्द्रीकृत मानसिकताका कारण वैदेशिक सहयोगका आयोजना तथा कार्यक्रम सञ्चालन गर्न जटिल हुनु, परियोजना तयार नै नगरी ऋण सम्झौता गर्नु र सहायता परिचालनको नाममा आयोजनाको विस्तृत विश्लेषण र सम्भाव्यता अध्ययन नगरी हचुवाको भरमा कार्यान्वयन गर्ने प्रयास गर्नु पनि समस्याकै रूपमा रहेका छन् ।

साना विकास परियोजनामा वैदेशिक सहयोग परिचालन गर्ने बढ्दो प्रवृत्तिले एकातिर उक्त सहयोगको सदुपयोग गर्न सकिएको छैन भने अर्कोतिर कारोबार लागत खर्च बढेको छ । फलतः यहाँको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ । वैदेशिक सहयोग अन्तर्गत खर्च गरिएको रकम उपयुक्त समयमा शोधभर्ना लिन नसक्नु नेपालका लागि गम्भीर चुनौतीको रूपमा रहेको छ । यसबाट यहाँको विकास कार्यमा बाधा पुगेको छ । कहिलेकाहीँ दातृ निकायसँग भएको सहायता सम्झौतालाई वास्ता नगरी खर्च गरिन्छ । यस्ता खर्चको शोधभर्ना प्राप्त हुँदैन । कुनै पनि देशले ऋण सम्झौतामा निर्धारित अवधिभित्र रकम खर्च नसकेमा दातृ राष्ट्रलाई प्रतिबद्धता शुल्क तिर्नु पर्छ । नेपालको उक्त सहायता परिचालनको कमजोर क्षमताको कारण उक्त शुल्कबापत यसले बर्सेनि करोडौं रुपियाँ दातृ राष्ट्रलाई तिर्नु परेको छ । हालसम्म पनि यहाँ वैदेशिक सहायता व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन नसक्नाले विकास साझेदारबाट प्राप्त हुने सहायता यहाँको सरकारको सूचना प्रणालीमा समावेश गरिँदैन । यहाँको सूचना प्रणाली बाहिरबाट खर्च गर्नुपर्ने समस्या झेल्नु परेको छ ।

नेपालमा पुँजीगत खर्च कम हुनु, कर्मचारीको सरुवा भइरहनाले आयोजना कार्यान्वयनमा ढिलाइ हुनु, ठेकापट्टामा ढिलाइ हुनु, सार्वजनिक वित्तीय व्यवस्थापन तथा सार्वजनिक खरिद प्रक्रियालाई प्रभावकारी बनाउन नसक्नु जस्ता समस्याले वैदेशिक सहयोग परिचालनमा बाधा पुऱ्याएको छ । नेपालका लागि वैदेशिक सहयोग आवश्यकता मात्र नभई बाध्यता पनि हो । विद्यमान समस्याको न्यूनीकरण गरी उक्त सहयोगको अधिकतम परिचालन गर्न आवश्यक छ ।

# यसपटक भर्ना भएकै दिन पाठ्यपुस्तक हातमा

झापा(प्रस) । आउने शैक्षिक सत्रमा विद्यालय तहका विद्यार्थीले भर्ना भएकै दिन पाठ्यपुस्तक पाउने भएका छन् । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले विद्यार्थीलाई भर्ना भएकै दिन पुस्तक हातमा उपलब्ध गराउने योजनाका साथ पाठ्यपुस्तक छपाइको गतिलाई तीव्रता दिएको छ । लामो प्रयासपछि पछिल्ला केही वर्षदेखि केन्द्रले विद्यार्थीलाई शैक्षिक सत्र सुरु हुनेबित्तिकै पाठ्यपुस्तक उपलब्ध गराउँदै आएको छ । विद्यालय तहका लागि आवश्यक पर्ने पुस्तक छपाइको काम सरकारी स्वामित्वको उक्त केन्द्रले गर्दै आएको छ । तर, शैक्षिक सत्र सुरु हुने बेलासम्म जनक शिक्षाबाट मात्रै छाप्दा विद्यालयमा आवश्यकता अनुसारको पुस्तक उपलब्ध गराउन नसक्ने अवस्था आएमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी प्रकाशन गृहको पनि सहयोग लिने गरेको छ ।

यस वर्ष जनक शिक्षाले विद्यालय तहका विद्यार्थीका लागि कुल एक करोड ८० लाख थान पुस्तक छाप्नुपर्ने हुन्छ । त्यसमध्ये एक करोड २० लाख थान पुस्तक छापिसकेको केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झाले जानकारी दिए । उनका अनुसार अब करिब ५५ लाख थान पुस्तक मात्रै छाप्न बाँकी छ । बाँकी पुस्तक छपाइको काम पनि धमाधम भइरहेको छ । अहिले जनक शिक्षाभित्र छपाइ, बाइन्डिङ, कटिङ, स्टिचिङसमेत गरेर दुई दर्जन मेसिन सञ्चालनमा छन् ।

बिहानदेखि बेलुकासम्म पुस्तक छपाइको काम भइरहेको छ । पुस महिनाको उत्पादन तथ्याङ्क हेरेर आवश्यकता पर्‍यो भने माघ महिनामा रातको समयमा पनि पुस्तक छपाइको काम गर्ने योजना बनाएको झाले बताए । प्रबन्ध सञ्चालक झाले भने, “यस पटक फागुन महिनाभित्रमा नै पुस्तक छपाइ सकेर बिक्री वितरण खुलाउने योजनामा म छु । सोही अनुसार काम पनि भइरहेको छ ।” विगत केही वर्षदेखि जनक शिक्षाको पुस्तक छपाइमा प्रगति देखेर सरकारले निजी क्षेत्रको दायरालाई क्रमशः घटाउँदै लगेको छ । विद्यालय तहमा कक्षा १ देखि १२ सम्मका लागि आवश्यक पर्ने पुस्तकमध्ये सरकारले गत वर्ष कक्षा १ देखि ४ सम्मको जिम्मेवारी निजी प्रकाशन गृहलाई दिएको थियो ।तर, यस वर्ष भने निजी प्रकाशनले १, २ र ४ कक्षाको मात्रै पाठ्यपुस्तक छपाइ गर्न पाउने निर्णय यसअघि नै भइसकेको छ ।

यस वर्ष आफूहरूले छाप्नुपर्ने कक्षा १, २ र ४ बाहेकका पाठ्यपुस्तकमध्ये कक्षा ३ को पुस्तक भने गत वर्ष नै छापिसकेको झाले बताए । उनका अनुसार जनक शिक्षालाई कक्षा १ देखि १२ सम्मकै पुस्तक छाप्ने अधिकार भए पनि व्यस्तताका कारण छपाइ गर्न सकिएको थिएन । तर, गत वर्ष आफूहरूले अन्य कक्षाका पुस्तक छापिसकेर बाँकी रहेको समयमा ३ कक्षाको पुस्तक पनि छापेको र उक्त पुस्तक आउने शैक्षिक सत्रमा प्रयोग गर्न मिल्ने भएका कारण जनक शिक्षा वा निजी कुनै पनि प्रकाशन गृहले छाप्न नपर्ने झाले बताए ।

# दुई चरणमा अनेरास्ववियु क्रान्तिकारीको निर्वाचन

झापा(प्रस)। नेकपा माओवादी केन्द्रनिकट अखिल क्रान्तिकारीको निर्वाचन पुष १३ र १७ गते दुई चरणमा हुँदैछ । त्यसका लागि निर्वाचन समितिले सबै प्रदेश र जिल्लाहरूमा मतदान अधिकृतहरू तोकिसकेको छ । विद्यार्थी मोर्चाको दुवै चरणको निर्वाचनलाई सफल बनाउन आर्थिक लगायतका आवश्यक सहयोग र सहजीकरण गर्न पार्टीका सबै प्रदेश र जिल्ला त्यस्तै दोस्रो चरणमा नयाँ नेतृत्वको लागि पुष १७ गते निर्वाचन हुने उनको भनाइ छ । नेतृत्व छनोटको निर्वाचन सात प्रदेशमा हुनेछ । त्यसका लागि माओवादीले सबै जिल्ला र प्रदेशमा मुख्य मतदान अधिकारी र मतदान अधिकृत तोकिसकेको एक विद्यार्थी नेताले बताए । एक जिल्लामा तीन जना मुख्य मतदान अधिकृतसहितका मतदान अधिकृत तोकिएका छन् भने प्रदेशमा पनि सोहीअनुसार




समन्वय समितिलाई आवश्यक निर्देशन दिइसकेको केन्द्रीय कार्यालयनिकट स्रोतले जनाएको छ ।

निर्वाचन समितिका अनुसार पहिलो चरणमा ३२ वर्षे उमेर हद लगाउने कि नलगाउने भन्ने विषयमा ७७ वटै जिल्लामा मतदान हुनेछ । त्यसका लागि शनिबार निर्वाचन हुने इन्चार्ज हिमाल शर्माले जानकारी दिए । तोकिएको उनको भनाइ छ । यसअघि असोज १० देखि १५ गतेसम्म त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा भएको सम्मेलनमा उमेर हदको विवाद हुँदा स्थगित भएको थियो । दोस्रोपटक मंसिर २३ र २४ गते भनिएको सम्मेलन पनि विवादकै कारण स्थगित भएको थियो । नयाँ नेतृत्व छनोटका लागि देशभरबाट दुई हजार ३२३ प्रतिनिधि सहभागी हुनेछन् ।

# चर्च ब्वाइज फाल्गुनन्द गोल्डकपको फाइनलमा

झापा(प्रस) । पाँचथरको फिदिममा जारी ११औँ फाल्गुनन्द गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा चर्च ब्वाइज युनाइटेड क्लब, काठमाडौँ प्रवेश गरेको छ । शुक्रवार फिदिम माध्यमिक विद्यालयको खेलमैदानमा सम्पन्न पहिलो सेमिफाइनल खेलमा आयोजक फिदिम स्पोर्टिङ क्लबलाई ३-१ गोलअन्तरले पराजित गर्दै चर्च ब्वाइज फाइनलमा पुगेको हो । प्राप्त गरेका छन् । चर्च ब्वाइजसँग प्रतिस्पर्धात्मक खेल प्रदर्शन गरेको फिदिमका प्रशिक्षक उपेन्द्र श्रेष्ठले आफ्नो टिमका खेलाडीहरूले राम्रो प्रदर्शन गरेकोमा खुसी व्यक्त गरेका छन् । राष्ट्रिय टिमबाट खेल खेलेका र तालिम पाएका खेलाडीका अगाडि त्यस्तै अवसर नपाएका आफ्ना खेलाडीहरूले प्रतिस्पर्धी प्रदर्शन गर्नु उपलब्धिमूलक रहेको उनको भनाइ छ ।



खेलको ४३औँ मिनेटमा दिनेश शेर्माको गोलबाट आयोजक टोलीले सुरुवाती अग्रता लिएको थियो । पहिलो हाफको अतिरिक्त समयमा चर्च ब्वाइज बराबरीमा फर्कियो । उसका लागि समिर तामाङले गोल गरेका थिए । खेलको ६२औँ मिनेटमा विदेशी खेलाडी अर्मान बेडमले गोल गर्दै आफ्नो टिमलाई अग्रता दिलाएका हुन् । यस्तै ८४औँ मिनेटमा अर्का विदेशी खेलाडी फोफोना अबियमीले गोल गर्दै चर्च ब्वाइजको अग्रता फराकिलो पारेसँगै जित हासिल भएको हो । खेलको उत्कृष्ट खेलाडी बनेर अबियमीले रु १० हजार पुरस्कार यता चर्च ब्वाइजका प्रशिक्षक सुमन श्रेष्ठले आफ्नो टिमले खेलमा विजय हासिल गरेपनि आयोजक टिमका खेलाडीले उत्कृष्ट खेल प्रदर्शन गरेका बताए ।

प्रतियोगिताअन्तर्गत शनिबार न्यूरोड टिम (एनआरटी) र मच्छिन्द्र फुटबल क्लबबीच प्रतिस्पर्धा हुने आयोजक फिदिम स्पोर्टिङ क्लबका अध्यक्ष दीपेन्द्र थापामगरले जनाएका छन् । प्रतियोगिताको विजेता टोलीले रु १० लाख र उपविजेता टोलीले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् । फाइनल खेल यही पुष १५ गते फिदिम माविको खेलमैदानमा हुनेछ ।

# अर्को वर्षदेखि परीक्षा र रजिस्ट्रेसन शुल्क नलाग्ने




झापा(प्रस)। कक्षा ९, १० र ११ मा अध्ययन गर्ने विद्यार्थीले अर्को वर्षदेखि परीक्षा र रजिस्ट्रेसन फारामबापत शुल्क तिर्न नपर्ने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले गरेको यो निर्णय कार्यान्वयन भएमा हरेक वर्ष सामुदायिक विद्यालयमा अध्ययन गर्ने करिब पाँच लाख विद्यार्थीले परीक्षा फाराम र रजिस्ट्रेसन फारामका लागि शुल्क तिर्नुपर्दैन ।

यी शीर्षकमा शुल्क नलिने निर्णय गरेर बोर्डले कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सिफारिस गरेको छ । सरकारी राजस्वसँग सम्बन्धित विषय भएका कारण शुल्क नलिने बोर्डको निर्णयसहितको सिफारिसलाई शिक्षा मन्त्रालयले कार्यान्वयनका लागि अर्थ मन्त्रालयमा पठाउनुपर्ने छ ।

अर्थ मन्त्रालयले आर्थिक वर्षको सुरुवात हुनुअघि संसद्मा प्रस्तुत गर्ने विनियोजन विधेयकबाट यो विषय हटाएपछि मात्रै यो निर्णय पूर्ण कार्यान्वयनमा जाने छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले भने विद्यालय तहमा यसै वर्षदेखि परीक्षा र रजिस्ट्रेसन फारामबापत विद्यार्थीबाट लिने शुल्क मिनाहा गर्ने योजना बनाएको थियो ।

तर, चालु आवको विनियोजन विधेयकमा विद्यार्थीबाट लिइने शुल्क र त्यसबाट सङ्कलन हुने राजस्वसम्बन्धी विषय समावेश भएका कारण तत्काललाई शुल्क नलिई परीक्षा फाराम र रजिस्ट्रेसन फाराम भराउने मन्त्रालयको योजना पूरा हुन नसकेको हो । अर्थ मन्त्रालयसँग यस विषयमा छलफल गर्दा शुल्क मिनाहा गर्न नसकिने भएपछि मन्त्रालयले अर्को वर्षदेखि मात्रै शुल्क नलिने गरी निर्णय गर्न राष्ट्रिय परीक्षा बोर्डलाई निर्देशन दिएको थियो ।

बोर्डको अहिलेको निर्णय अनुसार सामुदायिक विद्यालयमा अर्को वर्षदेखि कक्षा ९, १० र ११ मा अध्ययन गर्ने विद्यार्थीले रजिस्ट्रेसन र परीक्षा शुल्कबापत सरकारलाई पैसा तिर्नु पर्दैन । राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रक (कक्षा १०) नन्दलाल पौडेलका अनुसार हरेक वर्ष कक्षा ९ मा पाँच लाख हाराहारी विद्यार्थीले रजिस्ट्रेसन फाराम भर्ने गर्छन् । अहिले रजिस्ट्रेसन फारामबापत विद्यार्थीले तीन सय रुपियाँ राजस्व तिर्दै आएका छन् । त्यस्तै कक्षा १० को अन्त्यमा लिइने माध्यमिक शिक्षा परीक्षा (एसइई) का लागि हरेक विद्यार्थीले परीक्षा फारामबापत पाँच सय रुपियाँ राजस्व तिर्दै आएका छन् ।

कक्षा ११ मा रजिस्ट्रेसन फाराम भरेबापत विद्यार्थीले बोर्डलाई छ सय रुपियाँ राजस्व तिर्दै आएका छन् । कक्षा ११ को परीक्षा सञ्चालनको जिम्मा सम्बन्धित विद्यालयको भए पनि रजिस्ट्रेसन शुल्क भने बोर्डले लिँदै आएको छ ।

शुल्क लिने कि नलिने भन्ने अन्योलका कारण यस वर्ष एसइईको परीक्षा फाराम भर्ने समयसमेत एक महिना ढिलो भइसकेको छ । परीक्षा नियन्त्रक पौडेलका अनुसार यस पटक परीक्षा फाराम भर्ने समय ३० दिन मात्रै दिइने छ । विगतमा परीक्षा फाराम भर्नका लागि ४५ दिन समय दिने गरिएको थियो ।

# तीन विश्वविद्यालयका उपकुलपतिले लिए शपथ



झापा(प्रस)।प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष विभिन्न तीन विश्वविद्यालयका नवनियुक्त उपकुलपतिहरुले शुक्रवार पद तथा गोपनीयताको शपथ लिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको कार्यक्रममा कुलपतिका हैसियतमा प्रधानमन्त्री ओलीबाट नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्राडा धनेश्वर नेपाल, पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा वेदराज केसी र कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति प्राडा शारदा थपलियाले शपथ लिएका हुन् । प्रधानमन्त्री ओलीले नवनियुक्त उपकुलपतिहरुलाई कार्यकाल सफलताको कामना गरे । सो अवसरमा सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, नेपाल सरकारका उच्चाधिकारीलगायत उपस्थित रहेका थिए ।

### निरजले ...

पन्ध्रौँ दिनको पुण्यतिथिका अवसरमा लम्जेल परिवारले सो विद्यालयका अति विपन्न वर्गका १५ जना विद्यार्थीलाई जाडोमा लगाउने स्विटरसमेत प्रदान गरेका थिए। कार्यक्रममा वडा नम्बर ८ का वडा अध्यक्ष सन्तकुमार फेउदिन, विद्यालयका प्रधानाध्यापक तारा लावती, विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो। कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मदनबहादुर सिलवालको अध्यक्षतामा भएको थियो।

# पाण्डव साकोसको १२ औं वार्षिक साधारण सभा

झापा(प्रस) ।झापाको अर्जुनधारा नगरपालिका-५ बिहीबारे बजारमा मुख्य कार्यालय रहेको पाण्डव बचत तथा ऋण सहकारी संस्थाको १२ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष पुष्पबहादुर घलेको अध्यक्षतामा



भएको कार्यक्रममा जिल्ला बचत संघ झापाका बरिष्ठ उपाध्यक्ष उपेन्द्रप्रसाद ओलीको प्रमुख आतिथ्य रहेको थियो ।शुक्रवार अर्जुनधारा-५ स्थित बिहीबारे बजारको सामुदायिक भवनमा साधारणसभा सम्पन्न भएको हो । कार्यक्रममा प्रमुख अतिथि ओली, संस्थापक अध्यक्ष अर्जुन रेग्मी, सल्लाहकार इन्द्रमणि पौडेल, पूर्व सचिव देवराज बुढाथोकी, आरोग्य कृषि सहकारीका ब्यवस्थापक शान्तिराम अर्यालगायतले शुभकामना मन्तब्य राखेका थिए । उपाध्यक्ष देवीकुमारी घिमिरेले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव अर्जुनमणि निरौलाले गरेका थिए ।

कार्यक्रममा जेष्ठ नागरिक सदस्यका रुपमा चन्द्रमाया पुरी, केशवकुमारी खनाल, संस्थापकका रुपमा अर्जुन रेग्मी, सल्लाहकार तथा पूर्व सचिवका रुपमा तेजकुमार गिरी, कर्मचारी भीमकुमारी अधिकारी, असल ऋणी मनोज विश्वकर्मा, असल बचतकर्ता लक्ष्मी खातीलाई सम्मान गरिएको थियो ।

आर्थिक बर्ष २०८०/०८१ असार मसान्तसम्म एक करोड १८ लाख २३ हजार शेयर पुँजी रहेको संस्थामा एक हजार एक सय ८३ जना शेयर सदस्य रहेको अध्यक्ष घलेद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ । यसैगरी संस्थाको साधारण जगेडा कोषमा ७ लाख ४२ हजार ४७२ रुपैयाँ, अन्य कोषहरु १५ लाख ५३ हजार ६० रुपैयाँ, निक्षेप हिसाव २ करोड ४२ लाख ६० हजार ८८३ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

संस्थाले मुख्य कार्यालय र बिर्तामोडमा रहेको सेवाकेन्द्रबाट सदस्यहरुलाई सेवा प्रदान गर्दै आएको संस्थाकी लेखापाल भीमा भट्टराईले जानकारी दिइन् ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३०९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ । सामाजिक र धार्मिक कार्यबाट सन्तोष

**वृष** – अतिथिको रूपमा सत्कार पाइएला । राज्यबाट सहयोग मिल्नेछ ।

**मिथुन** – लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन । मित्रताको बन्धन कसिने छ ।

**कर्कट** – सुखमा रमाउने समय छ । नोकरी गर्नेले मानसम्मान पाउनेछन् ।

**सिंह** – बेसुरमा वचन दिने बानीले अप्ठ्यारो हुन सक्छ ।समस्या समाधानका लागि चालिएका

**कन्या** – गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।

**तुला** – प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ ।

**वृश्चिक** – आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** – आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** – आज चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान

**कुम्भ** – आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । रमाइलो यात्रा गर्ने अवसर

**मिन** – वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । श्रमको उचित मूल्याङ्कन हुनेछ ।